प्रतिदिन १६ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

**सूचना**

हिन्दु धर्मावलम्बीहरुको महान पर्व होलीका अवसरमा सम्पूर्ण पाठक , विज्ञापनदाता , शुभचिन्तकहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछौं । होलीका दिन सोमवार कार्यालय बन्द रहने भएकाले मंगलवारको पत्रिका प्रकाशित नहुने जानकारी गराउँदछौं ।

सम्पादक

वर्ष-१६ ।। अङ्क : ५० ॥ २०८० चैत्र १२ गते सोमबार (25th Mar 2024 Monday) Pratidin National Daily मूल्य-रु.५/-

## ईच्छाबिपरीत रंग दलेमा कार्वाही



झापा,चैत ११ । होली पर्वमा अवाञ्छित गतिविधि हुन नदिन प्रहरी प्रशासनले झापामा कडाई गर्ने भएको छ। कसैको ईच्छाबिपरीत रंग दल्ने र फोहोर पानीको लोला हान्ने कार्य गरेमा कानुनी कार्वाही गर्ने निर्णय भएको छ । आइतवार बिहान जिल्ला प्रशासन कार्यालयमा बसेको सुरक्षा अधिकारीहरुको बैठकले होली पर्वमा अवाञ्छित गतिविधि हुन नदिन सुरक्षा व्यवस्था कडा पार्ने निर्णय गरेको हो । सोमवार होलीका दिन करिव ६ सय सुरक्षाकर्मी परिचालन गरिने जिल्ला प्रहरी कार्यालयका निमित्त सूचना अधिकारी ढुण्डीराज गिरीले बताए । मादक पदार्थ सेवन गरेर सवारी चलाउने , तीन जना मोटरसाइकलमा सवार हुने , हेल्मेटबिना मोटरसाइकल चलाउनेलाई कार्वाही गर्ने निर्णय भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रमुख , प्रहरी निरीक्षक नवराज न्यौपानेले बताए । उनले ट्राफिक नियम उल्लंघन हुन नदिन जिल्लाभर ७५ जना ट्राफिक प्रहरी खटाइने जानकारी दिए । जिल्ला प्रहरी कार्यालयले होली पर्व मनाउने क्रममा कोही कसैको ईच्छाविपरित कसैलाई बाधा पुग्ने गरी रंग नलगाउन , महिला तथा अपरिचित ब्यक्तिहरुसंग मन्जुरीबिना जबर जस्ती होली नखेल्न ,बालबालिकाहरुलाई होली खेल्ने खेलाउने र लोला हान्ने कार्यमा प्रयोग नगर्न ,घरको छतबाट लोला हान्ने, रंग छ्याप्ने, फोहोर पानी फाल्नेलगायतका कार्य नगर्न , छतमा होली खेल्दा घरको छतबाट लडी घाईते एवं मृत्युसमेत हुन सक्ने भएकाले ख्याल गर्न अनुरोधसमेत गरेको छ । होली मनाउँदै जथाभावी लोला हान्दा यसले आपसी झै-झगडा बढाउने र अप्रिय घटनाहरु समेत निम्त्याउन सक्ने तथा लोला लागेर मान्छेहरु घाईते समेत हुन सक्ने हुँदा सभ्य तरिकाले होली मनाउन आग्रह गरिएको हो ।

होली पर्व मनाउने वहानामा मदिरा तथा नशालु पदार्थ सेवन गरी सवारी साधन नचलाउन, होली खेल्ने बहानामा जथाभाबी भिडभाड नगरी कोरोना भाईरसको संक्रमण हालसम्म कायमै रहेकोले बिशेष सतर्कता अपनाई सुरक्षित तरिकाले होली मनाउन , होली खेल्ने बहानामा चोरी,लुटपाट जस्ता कार्यहरु समेत हुन सक्ने भएको हुँदा आफूले बोकेको पर्स,मोबाइल,आफूले लगाएको गरगहना सुरक्षित राख्नसमेत प्रहरीले अपिल गरेको छ । प्रहरीले अबाञ्छित गतिविधि नगर्नका लागि आइतवार माइकिङ गरेको थियो ।

यसैबीच होली पर्वका दिन आइतबार देशभरबाट एक सय २ जनालाई पक्राउ गरेको प्रहरीले जनाएको छ ।

जवरजस्ती रंग दल्ने, मादक पदार्थ सेवन गरी झैझगडा गर्ने र सार्वजनिक स्थलमा होहल्ला गर्नेलाई प्रहरीले नियन्त्रणमा लिएको नेपाल प्रहरीका प्रवक्ता भिमप्रसाद ढकालले जानकारी दिए ।

'यसपटकको फागु पूर्णिमा विगत वर्ष हेर्दा तुलनात्मक रुपमा शान्तिपूर्ण भयो । ठूला अपराधका घटनाहरु भएका छैनन्,' उनले भने । मापसे गरी सवारी सधान चलाउने, ट्राफिक नियम उल्लंघन गर्ने ७ सय ७५ सवारी साधनलाई होल्ड गरिएको पनि प्रहरीले जनाएको छ ।

काठमाडौं उपत्यका प्रहरी कार्यालयकाअनुसार काठमाडौं, ललितपुर र भक्तपुरमा मात्रै साढे ६ सय मोटरसाईकल/स्कुटर होल्ड गरिएको छ । १५ वटा सवारी साधन पनि होल्डमा परेका छन् । कार्यालयका एसपी अवधेश बिष्टले लापरवाही गर्ने र मापसे गरि सवारी साधन चलाउनेलाई होल्ड गरिएको बताए । त्यस्तै काठमाडौंबाट ७०, भक्तपुरबाट ४ र ललितपुरबाट २ जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ । बिष्टले पनि विगतका वर्षभन्दा शान्तिपूर्ण ढंगले फागु पर्व सकिएको जनाए ।

## होली मनाएर पौडी खेल्न गएका तीन बालबालिका बेपत्ता



झापा(प्रस)। होली मनाएर नदीमा पौडी खेल्न गएका तीनजना बालबालिका आइतबार बेपत्ता भएका छन्। सुनकोशी नदीमा पौडी खेल्न गएका उदयपुरको त्रियुगा नगरपालिका वडा नम्बर १४ साउनेका तीनजना बालबालिका बेपत्ता भएका हुन्।

जिल्ला प्रहरी कार्यालय उदयपुरका प्रहरी उपरीक्षक रमेश थापाका अनुसार साउनेका ८ वर्षीय चोलकचन्द्र मगर, ७ वर्षीय रिदम मगर र ११ वर्षीया रेखा मगर बेपत्ता भएका हुन्।

होली मनाएर साउनेको धाप्लाङघाटस्थित पौडी खेल्न गएका उनीहरू डुबेर बेपत्ता भएको प्रहरी उपरीक्षक थापाले बताए।

उनीहरूसँगै पौडी खेल्न गएका अन्य ४ बालबालिकालाई स्थानीयले सुनकोशीबाट उद्धार गरेको उनले बताए । बेपत्ता भएका बालबालिकाहरूको खोजी तीव्र पारिएको प्रहरी उपरीक्षक थापाले जानकारी दिएका छन्।

## क्षयरोग दिवसमा चेतनामुलक कार्यक्रम




झापा(प्रस)। झापामा चेतनामुलक कार्यक्रम गरी विश्व क्षयरोग दिवस मनाइएको छ । यसक्रममा बिर्तामोडमा प्रभातफेरी निकालिएको थियो । स्वास्थ्य कार्यालय झापा र बिर्तामोड नगरपालिका स्वास्थ्य शाखाको आयोजनामा बिर्तामोड बजार परिक्रमा गर्दै विश्व क्षयरोग दिवस मनाईएको हो ।

सो अवसरमा बिर्तामोड स्वास्थ्य शाखा, स्वास्थ्यका कर्मचारी, बिर्तामोड क्षेत्रका अस्पतालहरुसमेतको सहभागिता रहेको थियो । विभिन्न सचेतनामुलक नारा लेखिएका प्ले-कार्डसहितका सहभागीहरुले बिर्तामोड परिक्रमा गर्दै कोणसभा गरेका थिए ।

'हो, हामी क्षयरोग अन्त्य गर्छौं ' नारासहित सम्पन्न प्रभातफेरीपछिको कोणसभामा बिर्तामोड नगरपालिकाका उपप्रमुख नगेन्द्रप्रसाद संग्रौला, स्वास्थ्य कार्यालय झापाका प्रमुख रमेश बाराकोटीलगायतले मन्तव्य राखेका थिए ।

कार्यक्रममा बिर्तामोड नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राधाकृष्ण खतिवडा, स्वास्थ्य शाखाका अधिकृत राजिवकृष्ण विष्ट, दिपक सापकोटालगायतको सहभागिता रहेको थियो ।

त्यस्तै अन्तर्राष्ट्रिय क्षयरोग दिवसका अवसरमा आइतबार मेचीनगरमा विविध चेतनामुलक कार्यक्रम सम्पन्न भएको छ ।

मेचीनगर नगरपालिकाको स्वास्थ्य शाखाले मेचीनगर ६ काँकरभिट्टामा चेतनामुलक र्याली र अन्तरक्रिया गरी यो दिवस मनाएको स्वास्थ्य शाखा संयोजक सविता सापकोटा निरौलाले जानकारी दिइन्।

हरेक बर्षको मार्च २४ मा अन्तर र्ष्ट्रिय क्षयरोग दिवस मनाइन्छ । सन् १८८२ मार्च २४ मा डाक्टर रोर्वट कोचले क्षयरोगका किटाणु पत्ता लगाएको दिनको स्मरणमा हरेक वर्ष मार्च २४ का दिन यो दिवस मनाउन थालिएको हो । 'क्षयरोग बिनाको विश्वका लागि नेतृत्वको खोजी' भन्ने अर्थका साथ यस बर्ष विश्व समुदायले मार्च २४ तारिखमा क्षयरोग दिवस मनाएको छ । अन्तर र्ष्ट्रिय क्षयरोग दिवसको यस वर्षको नारा 'हो हामी क्षयरोग अन्त्य गर्छौं ' भन्ने रहेको थियो ।

काँकरभिट्टा स्वास्थ्य चौकीबाट विहान विभिन्न चेतनामुलक नारा लेखिएका प्लेकार्ड र ब्यानर बोकेर स्वास्थ्यकर्मी र सर्वसाधारणसहितको र्यालीले काँकरभिट्टा बजारको मुख्यः भाग परिक्रमा गर्दै नेपाल भारत सीमाक्षेत्रमा पुगेर पुनः स्वास्थ्य चौकीमा आएर अन्तरक्रियामा परिणत भएको थियो । नगरका क्षयरोगी तथा आफन्त र सर्वसाधारणसहितको उपस्थितिमा भएको अन्तरक्रियामा स्वास्थ्य शाखा संयोजक निरौलाले क्षयरोग, यसका लक्षण, बच्ने उपाय र उपचारका बारेमा जानकारी दिएकी थिइन् । आर्थिक वर्ष २०७८/०७९ को बजेट बक्तव्यको बुँदा नम्बर ३ मा आगामी ५ वर्षभित्र मेचीनगर नगरपालिकालाई क्षयरोग मुक्त घोषणा गर्ने उल्लेख भएकाले अहिले सोही अनुसार काम भईरहेको उनले बताइन् ।आगामी आर्थिक वर्ष २०८२/०८३ मा मेचीनगरलाई क्षयरोगमुक्त नगर घोषणा गर्न क्षयरोगका विरामीहरु खोज्ने अभियान तीव्र पारेको उनले बताइन् । अन्य गैरसरकारी संघ संस्थाहरुसँग मिलेर संयुक्तरुपमा सचेतना अभियान सञ्चालन गर्ने, नगरको स्वास्थ्य शाखाको प्राविधिकहरुले क्षयरोगी खोजी अभियानलाई तीब्र पारेको, क्षयरोगका बिरामीको परीक्षणदेखि उपचारसम्म सरकारले निःशुल्क गर्ने व्यवस्था गरेअनुसार मेचीनगरका क्षयरोगीहरुका लागि छातीको एक्सरेसमेत नगरपालिकाले निःशुल्क गर्ने व्यवस्था मिलाएको उनले बताइन् । तौल घट्नु , छाती दुख्नु, राति राति ज्वरो आउनु, खकारमा रगत देखिनु, श्वासप्रश्वासमा समस्या हुनु, दुई हप्तासम्म लगातार खोकी लागिरहनुलगायत क्षयरोगका लक्षण भएको शाखा संयोजक निरौलाले बताइन् ।

क्षयरोग एक प्रकारको सरुवा रोग हो । सामान्यतया टिबी भनिने यस रोगको

❖ बाँकी तेस्रो पृष्ठमा

## प्रा.डा. नेपालसहित पाँचजना साहित्यकार सम्मानित



झिलझिले(प्रस)। झापाको दमकमा नेपाल र भारतका नेपालीभाषी साहित्यकारहरु सम्मानित भएका छन् ।

नेपालका प्राध्यापक डाक्टर देवी नेपालसहित पाँच जना लोकप्रिय साहित्यकारलाई पुरस्कृत गरिएको पुरस्कार प्रदायक साहित्यिक संस्था दमक साहित्य कला संगमले जनाएको छ ।


दमक साहित्य कला संगमले शनिवार दमकमा एक भव्य कार्यक्रमको आयोजना गरी नेपालसहित पाँच जनालाई नगद तथा प्रमाणपत्रले पुरस्कृत गरेको हो । साहित्यका क्षेत्रमा क्रियाशील यस संस्थाले बर्षेनि श्रष्टा सम्मान गर्दै आएको छ ।

कार्यक्रममा भवानी मिश्र पुरस्कारबाट प्राध्यापक डाक्टर नेपाल पुरस्कृत भएका छन् । लामो समयदेखि नेपाली भाषा,साहित्य, कला र संस्कृतिको उत्थानको अभियानमा लागेका नेपाल पूर्व प्राज्ञ परिषद्सदस्य समेत हुन् । विश्वमा वरिष्ठ कविको रुपमा स्थापित नेपाल समालोचक तथा नेपाली भाषाविद् तथा पाठ्यपुस्तकका लेखकसमेत हुन् ।

कार्यक्रममा नेपालसहित सो पुरस्कारबाट डम्बर दाहाल र संखुवासभाका ताराबहादुर बुढाथोकी पनि सम्मानित भएका छन् । यस्तै

❖ बाँकी अन्तिम पृष्ठमा

## इलाम २ मा सुहाङलाई उम्मेदवार बनाउने एमाले निर्णय



झापा(प्रस)। नेकपा एमालेले वैशाख १५ गते हुने उपनिर्वाचनमा इलाम क्षेत्र नम्बर २ बाट सुहाङ नेम्वाङलाई उम्मेदवार बनाउने निर्णय गरेको छ । आइतबार केन्द्रीय कार्यालय च्यासलमा बसेको सचिवालय बैठकले नेम्वाङलाई उम्मेदवार बनाउने निर्णय गरेको हो ।

एमालेको उम्मेदवारलाई विजयी गराउन सम्पूर्ण शक्ति केन्द्रित गर्ने निर्णय गरेको उपमहासचिव प्रदीप ज्ञवालीले बताए । उनी एमालेका दिवङ्गत नेता सुवास नेम्वाङका कान्छा छोरा हुन् । हृदयघातबाट सुवासको गएको भदौ २६ गते निधन भएको थियो ।

यस्तै एमाले प्रदेश सभाअन्तर्गत बझाङ १ बाट दामनबहादुर भण्डारीलाई उम्मेदवार बनाउने निर्णय गरेको छ ।

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर), पेट, ग्याष्ट्रिक, अल्सर जन्डिस, हेपटाईटिस रोग
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, काठमाडौंबाट

**डा. प्रेम ब. शाही, MS, FISS**
प्रमुख विशेषज्ञ - हाडजोर्नी, नशा तथा मेरुदण्ड सर्जन
समय: दैनिक सेवा

**प्रा. डा. अरूण सेढाई, MD, DM**
प्रमुख विशेषज्ञ - मृगौला (किड्नी), पिसाब रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिना विर हस्पिटलबाट

**डा. दिपायन पाण्डे, MD**
विशेषज्ञ - छाला, यौन, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
विशेषज्ञ - मधुमेह, थाइराईड, हर्मोन रोग । समय: दैनिक सेवा

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
प्रमुख विशेषज्ञ - मेरुदण्ड (स्पाइन), गर्धन, कम्मर, नशा, ढांड रोग/सर्जन
समय: प्रत्येक महिना विर हस्पिटलबाट

**डा. आलोक झा, MD**
विशेषज्ञ - मानसिक, नशा, रोग (बाल तथा किशोर मनोचिकित्सक)
समय: प्रत्येक महिनाको पहिलो शनिबार

**डा.धिरज ताम्राकार, MD**
विशेषज्ञ - आन्तरिक मेडिसिन तथा फिजिसियन । समय: दैनिक सेवा

**डा. धर्मागत भट्टराई, MD, DM**
प्रमुख विशेषज्ञ - बाल बाथरोग, एलर्जी तथा रोग प्रतिरक्षा (इम्युनिटी) रोग
समय: प्रत्येक महिना इम्युनोकेयर सेन्टरबाट

**डा. केशव कु. मण्डल, MD**
विशेषज्ञ - नवजात शिशु तथा बाल रोग
समय: दैनिक सेवा

**डा. धिरज गिरी, MS**
विशेषज्ञ - नाक, कान, घाँटी, टाउको रोग
समय: दैनिक सेवा

**डा. विवेक कट्टेल, MD, FRCI**
प्रमुख विशेषज्ञ - बाथरोग तथा (युरिक एसिड), जोर्नी रोग
समय: प्रत्येक महिना न्यूरो हस्पिटलबाट

स्वास्थ्य सेवामा सँगसँगै
जिवनरक्षा
**जिवनरक्षा पोलिक्लिनिक एण्ड डाइगोनोष्टिक सेन्टर प्रा. लि.**
बिर्तामोड-४, भद्रपुररोड, झापा (यामाहा शोरूम अगाडि)
जानकारीका लागि सम्पर्क
023-531242/023-591566
प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/फिजियोथेरापी/ विशेषज्ञ ओ.पि.डि.
हेल्थ प्याकेज/डेन्टल/डिजिटल एक्स-रे
9817094601

# एमाले मोरङ अध्यक्षका लागि चार नेताको दौड

झापा(प्रस) ।नेकपा (एमाले) कोशी प्रदेशका सबै जिल्ला अधिवेशनको दौडमा छ । केही दिनअगाडि विराटनगरमा बसेको प्रदेश समितिको बैठकले ११ जिल्लाको जिल्ला अधिवेशनको मिति पनि तोकेको छ । तर, मोरङ र सुनसरीको भने अधिवेशनको मिति तोकेको छैन । यद्यपि आउँदो जेठ मसान्तसम्ममा सबै जिल्लाको अधिवेशन गरिसक्ने एमालेले जनाएको छ ।

जनसंख्या र निर्वाचन क्षेत्रको हिसावले पनि मोरङ प्रदेशकै सबैभन्दा ठूलो जिल्ला हो । यस्तै मोरङ एमाले नेता मनमोहन अधिकारी र मदन भण्डारीको गृहजिल्ला पनि हो । त्यही कारण पनि एमालेको मोरङ जिल्ला अधिवेशनलाई पार्टी नेताहरुले महत्वका साथ हेरेका छन् ।

अधिवेशनको मिति नजिकिएसँगै एमाले मोरङको अध्यक्षका आकांक्षीहरूको दौडधुप पनि सुरु भएको छ । मोरङमा हालसम्म ४ जनाले अध्यक्ष बन्ने बताउँदै आएका छन् । जसमा महेश भट्टराई, बाबुराम कार्की, सागर थापा र राजकुमार ओभ्mा रहेका छन् । ओभ्mा हाल प्रदेश समितिका सचिवालय सदस्य छन् भने कार्की मोरङ जिल्ला उपाध्यक्ष हुन् ।थापा विराटनगर महानगरपालिकाका अध्यक्ष तथा भट्टराई प्रदेश समितिमा पराजित भएका एमाले नेता हुन् ।

एमालेले मोरङका सबै वडाको अधिवेशन सम्पन्न गरिसकेको छ । पालिकाहरुको भने बाँकी रहेको एमाले मोरङका अध्यक्ष ऋषिकेश पोखरेलले जानकारी दिए । पालिकाको अधिवेशन सकेर जिल्लाको अधिवेशन गर्ने भन्ने तयारी रहेको भएपनि पार्टी केन्द्रले जिल्ला अधिवेशन सक्न निर्देशन दिएपछि सोहीअनुसार अभियानमा जुटेको उनले जनाए । 'वैशाखभित्र हामीले वैचारिक अभियान सक्छौं र यहीक्रममा हामीले जिल्ला अधिवेशनको तयारी पनि गर्छौं,' पोखरेलले भने ।

~~एमालेले दोहोरो जिम्मेवारी नहुने गरी~~ पार्टीको जिम्मेवारी दिने नीति बनाएको छ । अध्यक्ष पोखरेल प्रतिनिधिसभाका सदस्य तथा सार्वजनिक लेखा समितिका सभापति पनि हुन् । त्यही कारण पोखरेलले अध्यक्षको दाबी नगर्ने एमाले स्रोत दाबी गर्छ । पोखरेलले भने पार्टीले भनेअनुसार अगाडि बढ्ने बताएका छन् ।

एमाले मोरङमा गत वर्ष नवीकरण भएका र अनलाइनमा प्रविष्ट भएका पार्टी सदस्यहरुको संख्या २६ हजार पुग्ने अध्यक्ष पोखरेलको अनुमान छ । अघिल्ला एमालेका जिल्ला अधिवेशनमा १ हजार ८ सयको हाराहारीमा प्रतिनिधिहरु सहभागी हुने गरेका थिए । यस पटक भने १हजार ५ सयभन्दा माथि पुग्ने पोखरेलले बताए । एमाले मोरङको अधिवेशन आयोजक समितिमा २ सय हाराहारीमा रहेका छन् ।

एमालेले संखुवासभामा अधिवेशन सम्पन्न गरिसकेको छ । एमालेले आउँदो चैतको १३ र १४ गते उदयपुर, चैत १५ र १६ गते झापा, चैत १७ र १८ गते पाँचथर, चैत २३ र २४ गते सोलुखुम्बु, चैत २६ र २७गते ओखलढुङ्गा, चैत २८ र २९ गते खोटाङको अधिवेशन हुने मिति तय गरेको छ । यस्तै वैशाखको ३ र ४ गते भोजपुर, वैशाखको २३ र २४ गते ताप्लेजुङ, वैशाखकै २५ र २६ गते तेह्रथुम र वैशाख २८ र २९ गते धनकुटाको अधिवेशन गर्ने मिति एमालेले तय गरेको हो ।

मोरङ र सुनसरीको भने केही प्राविधिक पक्ष मिलाउनु पर्ने भएकोले मिति तय नगरिएको एमालेले जनाएको छ ।






## प्रा.डा. ...

साहित्यकला श्री पुरस्कार दमककी कमला खनाल र तुलसादेवी न्यौपाने स्मृति पुरस्कार मोरङकी रेखा सुवेदीलाई प्रदान गरिएको संगमका कोषाध्यक्ष ओम खनालले जानकारी दिए ।

सबै पुरस्कारको राशि जनही रु ३५ हजार र साथमा स्मृति चिन्ह र सम्मानपत्र रहेको छ । उनीहरुलाई सम्मान प्रदान गर्दै कार्यक्रमका प्रमुख अतिथि प्रा.डा.टंकप्रसाद न्यौपानेले साहित्य र कलाका क्षेत्रमा अहोरात्र खटनेहरुका लागि यस किसिमको सम्मानले थप हौसला र ऊर्जा प्रदान गर्ने बताए ।

सङ्गमका अध्यक्ष बिष्णु न्यौपानेको अध्यक्षतामा भएको सो कार्यक्रममा साहित्यकारहरु जय आचार्य, टीका आत्रेय, गीताश्री शर्मालगायतले रचना वाचन गरेका थिए भने सङ्गमका पूर्व अध्यक्ष नरपति पाण्डे, साहित्यकार चन्द्र भण्डारी, आसाम नेपाली साहित्य समाजका सचिव मदन थापा,उर्लाबारी साहित्य समाजका अध्यक्ष यज्ञ परिश्रमीलगायतले शुभकामना मन्तव्य ब्यक्त गरेका थिए ।

# कोशी प्रदेश सरकारद्वारा ३० प्रतिशत खर्च

झापा(प्रस)। चालू आर्थिक वर्षको अन्तिम चौमासिक बाँकी रहँदा कोशी प्रदेश सरकारले ३० प्रतिशत बजेट खर्च गरेको छ । प्रदेश लेखा नियन्त्रक कार्यालय कोशीले गत चैत ३ गतेसम्ममा गरेको खर्च विवरण सार्वजनिक गरेअनुसार बजेट खर्च ३० प्रतिशतको हाराहारीमा रहेको जनाएको हो ।

जसमध्ये हालसम्म प्रदेशको पुँजीगत खर्च भने २२ प्रतिशतमा सीमित हुँदा चालू खर्च भने ४१ प्रतिशत भएको छ । प्रदेश सरकारले ३६ अर्ब ७४ करोड ३५ लाख १० हजार रुपैयाँ बराबरको बजेट कार्यान्वयन गरिरहेको छ ।

हालसम्ममा पुँजीगततर्फ ४ अर्ब ६० करोड ७८ लाख ७ हजार ५८१ रुपैयाँ खर्च भएको छ । यस्तै चालूतर्फ भने ७ अर्ब ७५ करोड ३४ लाख ६७ हजार ९०२ रुपैयाँ खर्च भएको छ । प्रदेश सरकारको हालसम्मको जम्मा




खर्च भने ११ अर्ब ३६ करोड १२ लाख ७५ हजार ४८४ रुपैयाँ रहेको छ । सरकारले चालूतर्फ १६ अर्ब ३९ करोड ६९ लाख ९२ हजार र पुँजीगततर्फ २० अर्ब ४१ करोड २० लाख ८२ हजार रुपैयाँ विनियोजन गरेको छ । यस्तै वित्तीय व्यवस्थातर्फ सरकारले १ करोड रुपैयाँ विनियोजन गरेको छ ।

प्रदेश सरकारको आम्दानी भने हालसम्म ५२ दशमलव ५३ प्रतिशत अर्थात् १९ अर्ब ३० करोड ४८ लाख ४३ हजार ५१८ रुपैयाँ रहेको छ । प्रदेश सरकारले बजेट खर्च लक्ष्य अनुसार गर्न नसक्दा सञ्चित खातामा ७ अर्ब ९४ करोड ३५ लाख ६८ हजार ३४ रुपैयाँ थुप्रिएर बसेको छ ।

## राहदानी हरायो

**मेचीनगर निवासी मेरो नाममा रहेको निम्न ब्यहोराको राहदानी मेचीनगरबाट बिर्तामोड आउने क्रममा २०८०/१०/३० गते हराएको हुँदा भेट्नु हुने महानुभावले तलको नम्बरमा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।**

**नाम :- मनोज थापा**
**पासपोर्ट नं. :- PA 0848771**
**ठेगाना :- मेचीनगर ६, झापा**
**सम्पर्क नं. :- ९८४३३४९०८४**

### बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

## १५ दिने सूचना

सधियार पूर्वः श्री रमेशराज भट्टराई, पश्चिमः श्री रमेश बुढाथोकी, दक्षिण : श्री ऐनकुमार राजवंशीको नाममा जारी गरिएको ।

साविक चारापाने गाविस वडा नं. ३ हाल बिर्तामोड नगरपालिका, वडा नं. २ बस्ने श्री लक्ष्मी नेपालले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड नपा-२ | - | ६९६२ | १९४.६९ | २०८०/०८/२६ | २०८०/०८/२६ | २०८०/१२/०९ |


नेपाल सरकार
गृहमन्त्रालय
जिल्ला प्रहरी कार्यालय झापा

होली पर्वको पावन अवसरमा सम्पुर्ण झापा बासीहरुमा हार्दिक मंगलमय शुभकामना सहित जिल्ला प्रहरी कार्यालय झापाको अनुरोध !!

- होलीपर्ब मनाउने क्रममा कोही कसैको ईच्छा विपरित कसैलाई बाधा पुग्ने गरी रङ्ग नलगाऔ ।
- महिला तथा अपरिचित ब्यात्तिहरुसंग मन्जुरी बिना जबरजस्ती होली नखेलौ ।
- बालबालिकाहरुलाई होली खेल्ने खेलाउने र लोला हान्ने कार्यमा प्रयोग नगरौ ।
- घरको छतबाट लोला हान्ने, रङ्ग छयाप्ने, फोहोर पानी फाल्ने लगायतका कार्य नगरौ र छतमा होली खेल्दा घरको छतबाट लडी घाईते एवं मृत्यु समेत हुन सक्छ, ख्याल गरौ ।
- ईच्छा बिपरीत रङ दल्ने र फोहोर पानीको लोला हान्ने काम नगरौ यदी सो कार्य गरेमा कानुन कार्वाही भई जाने ब्यहोरा समेत सुचित गरीन्छ ।
- होली मनाउदै जथाभावी लोला हान्दा यसले आपसी झै-झगडा बढाउने र अप्रिय घटनाहरु समेत निम्त्याउन सक्ने तथा लोला लागेर मान्छेहरु घाईते समेत हुन सक्ने हुदा सभ्य तरिकाले होली मनाऔ ।
- ईच्छा नभएका र अलग उदेश्य लिएर काममा हिडेका ब्यक्तिहरुलाई जथाभाबि रङ दल्ने,फोहोर पानीको लोला हान्ने काम नगरौ ।
- होली पर्व मनाउने वहनामा मदिरा तथानशालु पदार्थ सेवन गरी सवारी साधन नचलाऔ ।
- होली खेल्ने बहानामा जथाभाबी भिडभाड नगरौ ,कोरोना भाईरसको संक्रमण हाल सम्म कायमै रहेकोले बिशेष सतर्कता अपनाई सुरक्षित तरिकाले होली मनाऔ ।
- अनुशासित मर्यादित तथा व्यवस्थित तवरले होली पर्व मनाऔ ।
- होली खेल्ने बाहानामा चोरी,लुटपाट जस्ता कार्यहरु समेत हुन सक्ने भएको हुँदा आफुले बोकेको पर्स,मोबाइल,आफुले लगाएको गरगहना सुरक्षित राखौं ।

**"कानून विपरित कार्य गरे,गराएमा प्रचलित कानून वमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराईन्छ "**

तपाईहरुको गाउँघर, छरछिमेकमा कुनै पनि किसिमका घट्नाहरु घटेमा निम्नानुसारको फोन नम्बरहरुमा सम्पर्क गरी जानकारी गराउन हुन अनुरोध गर्दछौ ।

**जिल्ला प्रहरी कार्यालय झापा मोबाइल नं.:-सुचना अधिकारी/प्रवक्ता ९८५२६९०२३२, ९८५२६७१५५५,हटलाईन नं.१००**

**सभ्य बनौं,सुरक्षित बसौ हौसलाका साथ होली मानाऔ "जय नेपाल" धन्याबाद !**


## हिमालयन लाइफ इन्स्योरेन्स लि.

प्रधान कार्यालय, काठमाण्डौ, नेपाल
फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४

### हकदावी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपशिलमा उल्लेख भएका बीमितहरुले बीमालेख हराएको/नासिएकोले प्रतिलिपि बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बिमालेख उपर कसैको हकदाबी भए सो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाणसहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैको लागि जानकारी गराईन्छ ।

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | GLI0270002390 | सकुन साम्सोहाङ | फुङ्लिङ-२ ,ताप्लेजुङ |

### बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

## १५ दिने सूचना

सधियार पश्चिमः श्री बालकुमारी शाक्यको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ४ हाल बिर्तामोड नगरपालिका, वडा नं. ४ बस्ने श्री पुष्पा राईले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड नपा-४ | १७९ ०१११९ | १६१६ | १३५.०० | २०८०/११/०६ ७०७१ | २०८०/११/०६ | २०८०/१२/०७ |

### बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

## १५ दिने सूचना

सधियार पश्चिमः श्री तिलक राजवंशी, उत्तरःश्री वीरबहादुर लिम्बुको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ८ हाल बिर्तामोड नगरपालिका, वडा नं. ३ बस्ने श्री चन्द्रकला ढुङ्गानाले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड नपा-३ | १७९ १११९ | २२३ | २५३.९५ | २०८०/०८/२४ | २०८०/०८/२४ | २०८०/११/१३ |


बिर्तामोड नगर अस्पताल

उपलब्ध सेवाहरू




बाल रोग विशेषज्ञ सेवा
शनिबार बाहेक हरेक दिन
बिहान १० बजेदेखि १२ बजेसम्म



नि:शुल्क नर्मल डेलिभरी सेवा
(प्रसूति सेवा)
हरेक दिन, २४ सै घण्टा



मानसिक, नसा तथा टाउको रोग विशेषज्ञ
दैनिक १२ बजेदेखि २ बजेसम्म



स्त्री तथा प्रसूति रोग विशेष
दैनिक १ बजेदेखि ४ बजेसम्म

- भिडियो एक्स-रे
- एक्स-रे
- इसीजी
- २४ घण्टे इमरजेन्सी सेवा (सञ्चालनको तयारीमा)
- डाइलोसिस सेवा (सञ्चालनको तयारीमा)
- गर्भवती जाँच सेवा
- रेविजविरुद्ध भ्याक्सिन
- परिवार नियोजन सेवा
- पाठेघरको मुखको क्यान्सर जाँच
- नि:शुल्क सुरक्षित गर्भपतन सेवा
- बच्चाहरुमा हुने कुपोषण जाँच तथा व्यवस्थापन
- नसर्ने रोगको जाँच
- किटजन्य कोभिडको निशुल्क जाँच
- खोप कार्यक्रम
- निरोगिता प्रमाणपत्र दिने

नेपाल सरकारबाट तोकिएका ९८ प्रकारका औषधिको नि:शुल्क वितरण, विशेषज्ञ डाक्टरबाट दैनिक ओपीडी तथा परामर्श सेवा उपलब्ध छ ।

बिर्तामोड नगर अस्पतालमा स्वास्थ्य बीमा सेवा सञ्चालनमा छ ।




नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# होलीको उमंगमा मातौं

**होली पर्व अर्थात रङ खेल्ने पर्व, खानपान भन्दा पनि रङसँगै खेलेर आपसी माया–प्रेम, सदभाव अभिवृद्धि गर्ने अनौठो पर्व अनि वसन्त ऋतुलाई स्वागत गर्ने पर्वको रुपमा आज तराईमा हर्षोल्लासका साथ मनाइदैछ । खासगरी यो पर्व नेपालमा छिमेकी मुलुक भारतबाट आयातित भएको मान्न सकिन्छ । तथापि कतिपयले नेपाली पर्व नै हो भनी दाबी गरेको पनि पाइन्छ ।**

**होली पर्व नेपालमा विशेष गरी तराई क्षेत्रबाट विस्तार भएकाले नेपालकै मौलिक पर्व मान्ने गरिएको हुन सक्दछ । होली पर्वको इतिहास सम्बन्धी मिथक, कथनहरुको आधार विश्लेषण गर्दा होली पर्व हिन्दु धर्मसँग सामिप्यता राख्दछ । तथापि यो पर्व आम नेपाली समुदायको सामाजिक, साँस्कृतिक, मनोवैज्ञानिक पक्षको एक अभिन्न पाटोको रुपमा स्थापित भइसकेको छ ।**

**होली पर्व शुरुवातको ऐतिहासिकता सम्बन्धमा अनेकन मिथक तथा जनश्रुतिहरु पाइन्छन् । कृष्ण र राधाको माया–प्रेम बसेको कथन छ । यसैले माया प्रेमको प्रतिकको रुपमा यो पर्व मनाउने परम्परा बसेको भन्ने विश्वास गरिन्छ ।**

**अर्को कथन अनुसार होलिकाले आफूले पाएको अग्नीप्रतिरोधक शक्तिको वरदानलाई दुरुपयोग गरेको हुनाले जलेर मर्नु परेको विश्वास गरिन्छ । वास्तवमा उनले पाएकी वरदान उनी एक्लै अग्नीमा होमिएको बेला मात्र लागु हुन्थ्यो भन्ने विश्वास गरिन्छ । यसप्रकार, असत्यमाथि सत्यको विजय भएको यही घट्नाको स्मृतिमा उल्लाख मनाउन "सत्य डग्दैन असत्य टिक्दैन" भन्ने मान्यताका साथ यो पर्व शुरुवात भएको भन्ने कथन पनि व्याप्त रहेको छ । होली पर्वको ऐतिहासिक पृष्ठभूमिबाट यसको धार्मिक महत्व रहेको तथ्य प्रष्ट हुन्छ ।होलीमा एक अर्कामा लगाइने अबीर रङको पृथक महत्व रहन्छ । होलीको दिन नयाँ साथी संगीहरुसँग नयाँ सम्बन्ध स्थापित गर्ने पर्वको रुपमा पनि मनाउने यसको ऐतिहासिक मान्यता हो । त्यसैगरी आपसी वैमनस्यता एवम् वैरभाव हटाइ मित्रवत सम्बन्ध पुनःस्थापित गराउने अवसरको रुपमा पनि यो पर्वलाई मनाइने भएकाले यसको गहन सामाजिक महत्व रहेको छ । यो पर्व रंग र साथीसंगीहरुसँगको खेलेरै मनाइने भएकाले मनमा हर्ष, उमंग र खुशीयालीका साथ रमाइलो छाउँदछ, यसले व्यक्तिको मनोवैज्ञानिक पक्षमा समेत सकारात्मक प्रभाव पार्दछ ।होली पर्व भनेको रङ खेलेर मनाउने पर्व हो । आजकल उबेला कृष्णले राधालाई लगाइदिएको जस्तो पलाँसको फूलको प्राकृतिक रङहरु नभइ विभिन्न रासायनिक पदार्थयुक्त कृत्रिम रङहरुको प्रयोग हुन्छन् । हाम्रो स्वास्थ्यको निम्ति यस्ता कृत्रिम रङहरुको नकारात्मक प्रभाव अवश्य रहन्छ । होलीमा मदिरा र लागूऔषधले मात्नै पर्ने संस्कृति नभएर विकृति भित्रिएको हो । यसलाई पूर्णरुपमा अस्वीकार गरी मदिरा र लागूऔषधमा होइन, होलीको उमंगमा मातौं , झुमौं ।**

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# शिक्षामन्त्रीका कार्यभार



• डा. शान्तिकृष्ण अधिकारी

शिक्षामन्त्रीलाई मुलुकको पूरै शिक्षा प्रणाली हेर्ने हो भन्ने ज्ञान नहुनु नै नेपालको शिक्षा क्षेत्रका लागि दुर्भाग्य बन्दै आएको छ । अहिलेसम्म शिक्षामन्त्रीका रूपमा पदबहाल गरेकामध्ये प्रायः मन्त्रीहरूले विद्यालय मन्त्रीका रूपमा भूमिका निर्वाह गरेर बिदा भएका छन् । शिक्षामन्त्री भनेको जिल्ला शिक्षा कार्यालयको उपल्लो हाकिम र विद्यालयका शिक्षकको पदस्थापन, बढुवा र सरुवामा मात्र केन्द्रित हुँदै आएको प्रतीत हुन्छ । विश्वविद्यालय, उच्च शिक्षा र नेपालको समग्र शिक्षा आफूले हेर्नु पर्छ भन्ने कुनै पनि शिक्षामन्त्रीले महसुस गर्न सकेको देखिएन । यहीबिचमा नेपालको समग्र शिक्षा नीतिका बारेमा र उच्च शिक्षाका सन्दर्भमा समेत महत्वपूर्ण विचार प्रस्तुत गर्ने सांसद सुमना श्रेष्ठको आगमन हुन पुगेको छ । पञ्चायत कालदेखिको शिक्षा विधेयक परिमार्जन हुन नसक्नु त एउटा ठुलै समस्या हो भने मन्त्री सुमना आफैँले राख्दै आएका विचार नै अब शिक्षामन्त्रीका सामु चुनौतीका रूपमा उभिएका छन् ।

शिक्षा क्षेत्रलाई राजनीतीकरणबाट मुक्त गर्नुपर्ने भन्ने आवाज आमरूपमा उठिरहेको सुनिन्छ तर राजनीतीकरणबाट मुक्त होइन कि दलीयकरणबाट अलग राख्न सक्नु पर्छ । नेपालका शैक्षिक संस्थाले लोकतन्त्रीकरण खोजिरहेका छन् । मुलुकको शिक्षा क्षेत्र मात्र होइन, मुलुककै धेरैजसो संरचना ध्वस्त हुँदै जानुको मुख्य कारण गलत मनसायले गरिएको दलीयकरणले नै हो । निजामती प्रशासन दलीयकरणबाट मुक्त हुनैपर्ने हो तर त्यसैको विधेयकमा दलैपिच्छेका ट्रेड युनियन खोल्न दिने प्रावधान राखियो भने अन्य क्षेत्र अछुतो रहने सम्भावना नै रहँदैन । निजामतीमा ट्रेड युनियन रहे भने विश्वविद्यालय र विद्यालयमा राजनीतिक दलका भ्रातृ या शुभेच्छुक सङ्गठन अवश्य नै रहन्छन् । शिक्षक, प्राध्यापक, शैक्षिक क्षेत्रका कर्मचारीका दलपिच्छेका संघ सङ्गठन र विद्यार्थीका समूहले अनावश्यक हस्तक्षेप गरिरहँदा शिक्षामा प्रगति हुन सकेको छैन । यो चुनौतीलाई शिक्षामन्त्रीले कसरी समन्वय गर्ने भन्ने नै अहिलेको अहम् प्रश्न हो । अहिले सत्तामा रहेका दलमध्ये राष्ट्रिय स्वतन्त्र पार्टीका मात्रै भ्रातृ सङ्गठन शिक्षा क्षेत्रमा छैनन् तर अरू सबैका छन् ।

शिक्षामन्त्रीबाट मात्रै समग्र सुधारको अपेक्षा गर्नु मूर्खता हुन्छ । आफूले जिम्मा लिएको मन्त्रालयमा सकारात्मक काम र सुधारको सङ्केत दिन सक्नै पर्छ । पाँचदलीय गठबन्धनले मन्त्रालयहरू भागबन्डामा बाँडेका छन् । राष्ट्रिय योजना आयोगका सदस्य पनि भागबन्डामै नियुक्त गरिएको छ । पाँच दल मिलेर सरकार बनाएपछि आआफ्नो भाग खोज्ने नै भए तर विगतको अनुभवबाट नेपालको शिक्षाले गुणस्तरीयताको बाटो समात्न नसक्नुको मूल कारणमध्येको प्रमुख भने भागबन्डा नै हो । अन्य निकायमा गरिए जस्तो भागबन्डाको सिकार शिक्षा क्षेत्र पुनः हुन पुग्यो भने उत्साही मन्त्री पदासीन हुँदैमा परिवर्तनको अनुभव गर्न सकिँदैन । जनताबाट आशा गरिएकी शिक्षामन्त्रीले पदभार ग्रहण गरेको महिना दिन पनि नबित्दै समर्थन र विरोधका स्वर निकाल्न उपयुक्त हुँदैन तर अब राम्रा सङ्केत देखाउन भने आरम्भ गर्नै पर्छ ।

शिक्षामन्त्रीले पदबहाल गर्दै गर्दा अग्रणी प्राथमिकतामा राखेको सन्दर्भ भनेको विश्वविद्यालयमा बोर्ड अफ ट्रस्टीको व्यवस्था हो । अहिले जसरी विश्वविद्यालय सभा, प्राज्ञिक परिषद्, कार्यकारी परिषद्, उपकुलपतिलगायतका पदाधिकारी भागबन्डामा गठन हुने गरेका छन्, त्यसै गरी बोर्ड गठन हुने हो भने वर्तमानमा भन्दा पनि विश्वविद्यालय नाजुक अवस्थामा पुग्न सक्छन् । विशुद्ध प्राज्ञिक मर्यादा, शैक्षिक सेवा र शिक्षाप्रतिको दृष्टिकोणका आधारमा बोर्ड बनाउने हो भने मात्र त्यसको अर्थ रहन्छ । वर्तमानमा क्रियाशील राजनीतिक दल र दलले पत्याउने गरेका प्राध्यापक वा शिक्षाविद्को हर्कतले त्यसो हुन देला भनी विश्वास गर्न सकिने अवस्था छैन । प्रधानमन्त्री कुलपति हुँदा त विश्वविद्यालयले आवश्यक बजेट प्राप्त गर्न नसकेको अवस्थामा विश्वविद्यायलबाट प्रधानमन्त्री र शिक्षामन्त्री अलग भएपछि विश्वविद्यालयको आर्थिक अवस्था के होला भन्ने पनि ठुलो चासोको विषय बनेको छ ।

मन्त्री पदासीन भएको आधा महिना पुगेको छ । त्रिभुवन विश्वविद्यालयमा उपकुलपति एक्लै नियुक्त हुनु समग्र समस्याको समाधान होइन । शिक्षाध्यक्ष र रजिस्ट्रारमा उपयुक्त व्यक्तिको चयन भएको दृष्टान्त देख्न पाएको भए आशाको दियो बल्न सक्थ्यो । पूर्वाञ्चल, मध्यपश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चल विश्वविद्यालयका पदाधिकारी रिक्त भएको पनि महिनौँ भइसक्यो तर पनि तिनमा पूर्ति गर्नका लागि कुनै प्रक्रिया अघि बढ्न सकेको छैन । राम्रो गर्ने नाममा ढिलो भयो भने पनि त्यसले सुखद सन्देश दिन सक्दैन भन्नेबारेमा मन्त्री सजग हुनै पर्छ । न्यायमा ढिलाइ गर्नु र न्याय नदिनु उस्तै उस्तै हो भन्ने चर्चित भनाइ मन्त्रीलाई थाहा नहुने कुरै भएन ।

चैत १५ गतेबाट माध्यमिक शिक्षा परीक्षा सुरु हुँदै छ । हाम्रा पालामा फलामे ढोका, प्रवेशिका परीक्षा, एसएलसी आदि भनिन्थ्यो भने आजभोलि नाम परिवर्तन भए पनि परीक्षा त्यही हो । ठुला, नाम चलेका र परीक्षामा अत्यधिक विद्यार्थीले उच्च अङ्क ल्याउने विद्यालयले परीक्षा केन्द्र नै किन्ने गरेका छन् भन्ने चर्चा चल्ने गरेको सन्दर्भबाट पक्कै पनि शिक्षामन्त्री अनभिज्ञ नहुनुपर्ने हो । यो परीक्षाको वास्तविक नतिजा निकाल्ने हो भने सामुदायिक र निजी विद्यालयबिचको खाडल धेरै ठुलो नहुन सक्छ । झन्डा हल्लाउँदै गएर नभई छद्म भेषमा केही नमुना विद्यालयमा कक्षा निरीक्षकका रूपमा शिक्षामन्त्री जाने हो भने यथार्थ बाहिर आउन सक्दथ्यो ।

समस्या धेरै छन् । निजी विद्यालयले लिने चर्को शुल्कका बारेमा त सबै जानकार नै छन् । क, ख, ग, घ र ए, बी, सी, डी पढाउनेभन्दा पनि तल्लो तहको नर्सरी आदि कक्षामा पढाउन पनि मासिक न्यूनतम दस हजारभन्दा बढी शुल्क अभिभावकले तिर्नुपर्ने बाध्यता छ । माथिको त सीमा नै छैन तर तिनै विद्यालयमा पढाउने शिक्षक शिक्षिकाको तलबका बारेमा अनुगमन गर्ने हो भने अवस्था दयनीय छ । सरकारले मजदुरको न्यूनतम ज्याला मासिक १७ हजार तीन सय तोकेको छ तर यो न्यूनतम सीमाभन्दा निकै तलको रकम बुझ्ने शिक्षक अहिले पनि हजारौँ छन् । यही अड्को थापेर विद्यालय छाडौँ, बेरोजगारीको मारमा परिने नछाडौँ, घरबार नचल्ने पीडामा शिक्षक छन् ।

निजी विद्यालय पनि चेपुवामा छन् । हरेक वैशाखमा नयाँ शैक्षिक सत्र सुरु हुँदा प्रत्येक निजी विद्यालयले शुल्क वृद्धि गर्दछन् । यसको विरोधमा विभिन्न विद्यार्थी सङ्गठनले निजी विद्यालयमा ताला लगाउने गरेको विगत छ र यस पटक पनि अवश्य त्यही नै हुने छ । आजसम्म कुनै शैक्षिक सत्रमा शुल्क घटेको जानकारीमा आएको छैन र विद्यार्थीले आन्दोलन के कति कारणले फिर्ता गरे भन्ने पनि जानकारी दिने गरिएको छैन । यस कारणबाट कतिपय विद्यार्थी सङ्गठन र विद्यार्थी नेतामाथि लाग्ने गरेको आरोप गम्भीर छ । हुन त विद्यालय शिक्षा स्थानीय तह मातहत छ तैपनि सरोकारवाला मन्त्रीबाट यस पटकदेखि यस्ता गतिविधि रोक्ने प्रयास हुनुका साथै सस्तोमा बालबालिकाले अध्ययन गर्न पाउने अवसर सिर्जना भएमा समाजमा नयाँ शिक्षामन्त्री आएको सकारात्मक प्रभाव पर्ने थियो ।

वर्तमान शिक्षामन्त्रीबाट प्रतिपक्षमा रहँदा संसद्मा शिक्षा क्षेत्रका समस्यालाई गहन रूपमा उठाइने गरिएको थियो । सतही र विरोध गर्नका लागि नै विरोध गर्ने तरिकाले नभई अध्ययन अनुसन्धान गरी प्रमाणका आधारमा संसद्का शिक्षा समितिमा निरन्तर सही र प्रस्ट आवाज उठाएर लोकप्रियता हासिल गर्न सफल सुमना श्रेष्ठ नै शिक्षामन्त्री हुनुलाई सरोकारवालाले सकारात्मक दृष्टिले हेरेका छन् । संसद्मा कुरा उठाए जस्तो सजिलो समाधान दिन निश्चय नै छैन । अरूलाई आरोप लगाउन जति सहज हुन्छ, पुरानो मानसिकताबाट जकडिएको प्रशासन संयन्त्र परिचालन गरेर आधुनिक प्रविधिले सुसज्जित नयाँ पुस्ता आकर्षित हुने गरी कार्यक्रम प्रस्तुत गर्न त्यत्तिकै कठिन छ ।

सत्तामा रहेकाहरूले शिक्षालाई बेवास्ता गर्दै आउँदा आजसम्म पनि पञ्चायतकालीन शिक्षा विधेयकबाटै मुलुक सञ्चालन भइरहनु नेपालकै दुर्भाग्य हो । समयानुकूल एवं सरोकारवालाबाट स्वागत हुनसक्ने विधेयक ल्याउन सक्नु र नसक्नुमै शिक्षामन्त्रीको पहिलो सफलता र असफलता अडिएको छ । शिक्षामन्त्री नयाँ पुस्ताको आवाज सम्बोधन गर्न तम्सिने र विधेयक पारित गर्न सहभागी हुने अरू पुरानो मानसिकताबाट मुक्त हुन नसक्ने अवस्था सिर्जना भयो भने आशा गरिएकी शिक्षामन्त्रीबाट पनि निराश हुनुपर्ने हुन्छ ।

प्रधानमन्त्री हुनेलाई विगतदेखि प्राप्त हुँदै आएका अधिकार छाड्ने रहर पटक्कै हुँदैन । स्थायी सरकार भनिएको निजामती प्रशासनले मुलुकको सबै अधिकार मुख्य सचिव र सचिवको नियन्त्रणमा राख्ने प्रयत्न गर्दै आएको पाइन्छ । पञ्चायतकालमा समेत स्वायत्त संस्थाका रूपमा रहेका विश्वविद्यालयलाई प्रशासनका सचिव वा सहसचिव मातहतमा राख्ने प्रयास भएको पनि देखिन्छ । मर्यादाक्रममा सचिवभन्दा निकै माथि रहने उपकुलपतिहरू मन्त्रालयका सहसचिवका कोठाचोटा चहार्न बाध्य हुने विधेयक आउन थाल्यो भने त्यसले समस्या समाधान गर्नभन्दा पनि नयाँ समस्या सिर्जना गर्छ । यसलाई समन्वय गरेर विश्वविद्यालयको प्राज्ञिक स्वतन्त्रताको सम्मान गर्दै बजेट उपलब्ध गराउने सरकारकोसमेत विश्वविद्यालय सञ्चालनमा सहभागिता रहने उपयुक्त समन्वयकारी भूमिका विधेयकले खोजिरहेको छ ।

नयाँ शिक्षा विधेयकका नाममा विसं २०२८ मा शिक्षा विधेयक आएपछि नेपालको विद्यालय शिक्षाबाट संस्कृतलाई पूर्ण रूपेण विस्थापित गर्ने नीति लिइयो; जसले गर्दा आज नेपाली शुद्ध लेख्न र बोल्न सक्ने जनशक्ति हराउँदै गएको छ । जसका कारण विच्छृङ्खलता बढेको र अराजकताले स्थान पाउन थालेको प्रतीत हुन्छ । पुरानो पद्धतिमा पढ्नेहरूले शतप्रतिशत नसके पनि तीनचौथाइभन्दा बढी शुद्ध नै लेख्ने गर्दछन् तर आजभोलिका लोक सेवा आयोगमा अब्बल ठहरिएर ठुला पदमा पुगेकाहरूको लेखाइ हेरियो भने पनि लाजलाग्दो हुन्छ । नेपालीमा स्नातकोत्तर गरेका भनिएका कतिपयकै देखाउन नहुने खालको भइसक्यो ।

अंग्रेजी शुद्धै हुनु पर्छ भन्ने मान्यता नेपालमा स्थापित हुँदै गएको छ तर नेपाली जस्तो भए पनि हुन्छ भन्नेहरूको संख्या यसैगरी बढ्दै गयो भने कालान्तरमा न नेपाली भाषा रहन्छ न हामी नै । त्यसैले वर्तमान शिक्षामन्त्रीले क्रान्तिकारी कदम चालेर विद्यालय शिक्षामा संस्कृत प्रवेश गराउन सफल भएमा अहिले केहीले गाली गरे पनि कालान्तरमा जयजयकार गाउने लाखौँ हुने छन् ।

# आर्थिक कूटनीतिको मूल्य



• रमेश पाण्डेय

मुलुकको हित प्रवर्धनका लागि बाह्य राष्ट्र वा अन्तर्राष्ट्रिय सङ्गठनसँग सम्बन्ध विकास तथा विस्तार र मजबुत बनाउन राज्यले लिने राजनीतिक, आर्थिक, सामाजिक-सांस्कृतिकलगायतका विषय समेटिएको नीति नै परराष्ट्र नीति हो । राज्यको अधिकतम हित सम्प्रवर्धन र प्राप्तिका लागि कुनै पनि मुलुकले आफ्नो परराष्ट्र नीति तय गरेको हुन्छ । उक्त नीति कार्यान्वयन गर्ने माध्यम नै कूटनीति हो । कूटनीतिका विभिन्न प्रकारमध्ये आर्थिक कूटनीति एक हो । सरल तरिकाले विश्लेषण गर्दा मुलुकको सर्वोपरि हित प्रवर्धनका लागि सञ्चालन गरिने परराष्ट्र नीतिको आर्थिक पक्ष कार्यान्वयन गर्न तय गरिने नीति नै आर्थिक कूटनीति हो ।

विकासशील मुलुकमा आर्थिक विपन्नता, बेरोजगारी, पछौटेपना, लगानी शिथिलता, उच्च व्यापार घाटा जस्ता समस्या छन् । त्यसबाट मुक्त हुन ती राष्ट्रले राष्ट्रिय विकास नीतिका पुरकका रूपमा व्यापार, लगानी, पर्यटन, पूर्वाधार, रोजगारी जस्ता क्षेत्रमा राष्ट्रिय आवश्यकता पहिचान गरी राष्ट्रिय हित र पहिचान सम्प्रवर्धन गर्न कूटनीतिक सिप र क्षमताको विकास एवं परिचालन गर्न आवश्यक ठानेर सबै प्रकारका प्रयास आर्थिक विकास र सामाजिक रूपान्तरणमा केन्द्रित भए । आर्थिक कूटनीति त्यसैको एउटा महत्वपूर्ण पक्ष हो । कूटनीतिक संयन्त्रको प्रयोगमार्फत राष्ट्रको आर्थिक हित गर्नु नै आर्थिक कूटनीतिको प्रमुख उद्देश्य हो ।

**आर्थिक कूटनीतिका क्षेत्र**

वैदेशिक व्यापार, प्रत्यक्ष वैदेशिक लगानी, पर्यटन, रोजगारी जस्ता विषय आर्थिक कूटनीतिका आयाम तथा क्षेत्र हुन् । बदलिँदो परिवेशमा विश्वकेन्द्रित भएका विषय जस्तै : आर्थिक सम्बन्ध, जलवायु, वित्त, प्राकृतिक साधनको व्यवस्थापन, ऊर्जा, क्षमता विकास र प्रविधि हस्तान्तरण पनि आर्थिक कूटनीतिका क्षेत्रभित्र अध्ययन हुने गर्छन् । खुला अर्थतन्त्रको अभ्यास गर्ने मुलुकमा अन्तर्राष्ट्रिय व्यापार, वैदेशिक लगानीलाई आर्थिक वृद्धिको महत्वपूर्ण साधन मानिन्छ ।

**आर्थिक कूटनीतिका उद्देश्य**

मुलुकमा सुरक्षित लगानीको वातावरण निर्माण गर्नु, वैदेशिक लगानी प्रवर्धन गर्नु, वैदेशिक सहायताको प्राप्ति तथा कुशल परिचालन गर्नु, शिक्षा, स्वास्थ्य, सडक, ऊर्जा र उन्नत सिपयुक्त जनशक्ति जस्ता विकासका पूर्वाधारको सुनिश्चितता गर्नु र अन्तर्राष्ट्रिय व्यापार सहजीकरण गर्नु आर्थिक कूटनीतिका उद्देश्य हुन् । यसै गरी आयात प्रतिस्थापन र निर्यात प्रवर्धन गर्नु, मुलुकको औद्योगिक विकासका लागि प्रविधि हस्तान्तरण गर्नु, भू-राजनीतिक सन्तुलन कायम गर्नु, अन्तर र्राष्ट्रिय व्यापारिक मार्गको पहिचान गर्नु, अन्तर्राष्ट्रिय मञ्चमा प्रभावकारी प्रतिनिधित्व गर्नु आर्थिक कूटनीतिका मूल उद्देश्य हुन् । पारवहन सुविधाको सुनिश्चितता गर्नु, सुरक्षित र मर्यादित वैदेशिक रोजगारी व्यवस्थापन गर्नु, नयाँ श्रम गन्तव्य पहिचान र श्रम सम्बन्ध स्थापना गर्नु, पर्यटन प्रवर्धन गर्नु, श्रम सम्बन्धमा सुधार र अन्तर्राष्ट्रिय श्रमिकको सुरक्षा गर्नु पनि आर्थिक कूटनीतिका प्रमुख उद्देश्य हुन् ।

**कूटनीतिक सम्बन्धमा भियना महासन्धि**

भियना महासन्धि, १९६१ कूटनीतिका सम्बन्धमा महत्वपूर्ण सन्धिका रूपमा रहेको र कूटनीतिक नियम तथा सिद्धान्तलाई समेत समेटिएको कानुनी दस्तावेज हो । यस महासन्धिलाई अनुमोदन गर्ने राष्ट्रले यसको सारलाई आफ्नो कानुनमा समावेश गरी राष्ट्रियकरण गरी वैधानिकता प्रदान गरेका छन् । जम्मा ५३ धारामा समाहित यस महासन्धिले खास गरी कूटनीतिक सम्बन्धको थालनी तथा प्रतिनिधिको नियुक्ति, कूटनीतिक प्रतिनिधिको वर्गीकरण, कार्य र उन्मुक्ति जस्ता विषय समेटेको छ ।

**आर्थिक कूटनीतिका पूर्वसर्त**

कूटनीति आफैँमा जटिल र चुनौतीपूर्ण विषय हो । राष्ट्रिय चाख र पहिचानलाई बाह्य परिवेश र सीमामा विस्तार गर्नु आफैँमा चुनौतीपूर्ण हुन्छ । त्यसैले कूटनीति सञ्चालनका लागि खास आधार र पूर्वसर्त हुन्छन् । आर्थिक कूटनीति परम्परागत कूटनीतिमाथिको पुनर्बोध भएकाले यसले भिन्नै खाले क्षमता र वातावरणको माग गर्छ । जस्तै : पारदर्शी नेतृत्व र उद्यमशील कूटनीति, स्पष्ट नीतिगत आधार, कार्यमूलक संस्थागत संरचना, उदारीकृत आन्तरिक अर्थतन्त्र, नीति पुनरवलोकनको स्वचालित प्रक्रिया, सबल सूचना तथा तथ्याङ्कीय आधार, प्रदर्शन र वार्ता क्षमता आदि यसका पूर्वसर्त हुन् ।

**हामी कहाँ चुक्यौँ ?**

विदेशस्थित नियोगको प्रमुख काम भनेको नेपालको आर्थिक विकासका लागि अवसर हरूको अन्वेषण गरी त्यसलाई उपयोगमा ल्याउन आवश्यक कार्यसम्पादन गर्ने हो । यो कार्य अपेक्षित रूपमा सफल हुन सकेको छैन । यसो हुनुका केही प्रमुख समस्या यहाँ उल्लेख गरिएको छ :

-आर्थिक कूटनीतिलाई परराष्ट्र मन्त्रालय र अन्तर्गत नियोगले आफ्नो प्रमुख कार्यका लागि अन्तरबोध गर्न नसक्नु र विषयगत मन्त्रालयले पनि यसलाई परराष्ट्र मन्त्रालयको मात्र काम हो भन्ने एकाङ्की सोच राख्नु ।

-परराष्ट्र मन्त्रालय र विषयगत मन्त्रालय तथा निकायबिच संस्थागत सम्बन्ध र समन्वयको अभाव हुनु र यसलाई अनुकूल बनाउन राष्ट्रिय समन्वय संयन्त्र क्रियाशील नदेखिनु ।

-आर्थिक सहायता, व्यापार र लगानी एकअर्काको पूरकका रूपमा रहने गरी रणनीति नै निर्माण नहुनु, यसमा विषयगत मन्त्रालयको चासो, अग्रसरता र क्षमताको पनि कमी देखिनु ।

-परराष्ट्र मन्त्रालय र नियोगहरूको भूमिका शिष्टाचार भेटघाटमा सीमित भएको गुनासो बढ्नु तर राष्ट्रिय हित प्रवर्धन गर्न केन्द्रित नहुनु ।

-निजी क्षेत्र, नेपाली डायस्फोरा र अन्य आनौपचारिक संयन्त्रलाई आर्थिक हितका लागि परिचालन गर्न नसक्नु ।

-विभिन्न मञ्च तथा सङ्गठनमा भएको राष्ट्रिय प्रतिनिधित्व एवं वार्तामा आर्थिक विषयलाई पर्याप्त महत्व दिन नसक्नुका साथै आन्तरिक तयारीमा कमजोरी हुनु ।

-वार्षिक रूपमा राजदूतहरूको कामको समीक्षा गर्ने परिपाटीले निरन्तरता नपाउनु ।

-आर्थिक मुद्दाका बारेमा न्यूनतम राजनीतिक सहमतिको अभाव देखिनु, उदाहरणका लागि एमसिसी परियोजनाको राजनीतीकरण ।

-आर्थिक कूटनीतिलाई प्राथमिकतामा राखी देशगत तथा क्षेत्रगत रणनीति तयार गर्ने सम्बन्धमा अध्ययन र अनुसन्धानले प्रधानता नपाउनु । आपूर्तिका लागि पारवहनलगायतका अनेक अवरोध ।

-वैदेशिक सहायता, लगानी, पर्यटन, व्यापार र रोजगारीको प्रमुख पार्टनरका रूपमा रहेका चीन र भारत दुवैलाई विश्वस्त पार्ने सन्तुलित कूटनीति प्राथमिकतामा पर्न नसकेको आदि ।

**सुधार कहाँ गर्ने ?**

आर्थिक कूटनीतिको भरपूर प्रयोग गरी यसबाट लाभ लिन सक्ने गरी हाम्रो सामर्थ्य बढाउन देहायका क्षेत्रमा सुधार गर्नुपर्ने छ- मुलुकको साझा दृष्टिकोण निर्माणमा, आन्तरिक एवं

❖ बाँकी तेस्रो पृष्ठमा

# प्रदेशस्तरीय आइटिएफ तेक्वान्दोको उपाधि सुनसरीलाई



झापा(प्रस)। छैटौं कोशी प्रदेशस्तरीय आइटिएफ तेक्वान्दो प्रतियोगिताको उपाधि सुनसरीले जितेको छ । कोशी प्रदेश आइटटिएफ तेक्वान्दो संघले आयोजना गरेको प्रतियोगितामा सुनसरी ८ स्वर्ण, ६ रगत र ४ कास्य पदकका साथ सुनसरीले उपाधि जितेको हो ।

शनिबार सम्पन्न भएको प्रतियोगितामा मोरङ ६ स्वर्ण, ८ रजत र ४ कास्य पदकका साथ दोस्रो र झापा ६ स्वर्ण, ३ रजत र ४ कास्य पदकका साथ तृतीय भएको छ ।

'स्वास्थ्यका लागि खेलकुद,राष्ट्रियताका लागि खेलकुद' भन्ने मूल नाराका साथ आयोजित प्रतियोगिताको एकल पुरुष स्पाइरिङतर्फ ४५-५० केजी समूहमा सुनसरीका इशान राई प्रथम, मोरङका प्रकाश शर्मा द्वितीय भए । यसैगरी ५१-५५ केजी समूहमा पाँचथरका आलोक राई प्रथम, मोरङका संजय खवास दोस्रो, ५६-६० केजी समूहमा शौरभ चौधरी प्रथम, झापाका सनम चौधरी दोस्रो, ६१-६५ केजी समूहमा सुनसरीका आशिष मगर प्रथम, भोजपुरका दीपक राई दोस्रो, ६५-७० केजी समूहमा झापाका प्रितम धिमाल प्रथम, मोरङका लक्ष्मण राजवंशी दोस्रो, ७१-७५ केजी समूहमा झापाका अनमोल लिम्बू प्रथम, मोरङका निशान्त भुजेल दोस्रो, ७६ केजी समूहमाथि झापाका श्याम राई प्रथम, भोजपुरका इन्द्रबहादुर बस्नेत दोस्रो भए ।

त्यस्तै, एकल महिला स्पाइरिङतर्फ ४०-४५ केजी समूहमा सुनसरीकी विपना राई प्रथम, मोरङकी विनिशा माझी दोस्रो, ४६-५० केजी समूहमा सुनसरीकी करुणा विष्ट प्रथम, मोरङकी सविना मगर दोस्रो, ५१-५५ केजी समूहमा मोरङकी अनुश्का धिमाल प्रथम, इलामकी दीक्षा आचार्य दोस्रो, ५६-६० केजी समूहमा मोरङकी कुशुम राजवंशी प्रथम, इलामकी विनु काङ्वाङ दोस्रो,६१-६५ केजी समूहमा सुनसरीकी प्रतिष्ठा कटवाल प्रथम,झापाकी निशा ताजपुरिया दोस्रो,६६ केजी समूहमाथि झापाकी सेङना लिम्बू प्रथम, पाँचथरकी दीक्षा खड्का दोस्रो भइन् ।

एकल महिला प्याटनतर्फ हरियो पेटमा झापाकी विविसिंह शर्मा प्रथम, सुनसरीकी क्याट्रिना राई दोस्रो, निलो पेटीमा मोरङकी अनुश्का धिमाल प्रथम,सुनसरीकी सदीक्षा राई दोस्रो,रातो पेटीमा इलामकी वन्दना श्रेष्ठ प्रथम, सुनसरीकी बिट्नी राई दोस्रो, कालो पेटीमा मोरङकी कुसुम राजवंशी प्रथम, सुनसरीकी करुणा विष्ट दोस्रो र कालो पेटी दोस्रो डनमा सुनसरीकी एलिजा राई प्रथम भइन् ।

एकल पुरुष प्याटनतर्फ हरियो पेटीमा धनकुटाका दिप्रशन राई प्रथम, सुनसरीका पवन रेग्मी दोस्रो, निलो पेटीमा मोरङका लक्ष्मण राजवंशी प्रथम, सुनसरीका मिक्सेन राई दोस्रो, रातो पेटीमा मोरङका आरकेश चौधरी प्रथम, झापाका सनम चौधरी दोस्रो, कालो पेटीमा सुनसरीका आशिष मगर प्रथम, मोरङका मञ्जित राजवंशी दोस्रो र कालो पेटी दोस्रो डनमा झापाका मिसन श्रेष्ठ प्रथम, मोरङका निशान्त भुजेल दोस्रो भए ।

चैत ९ र १० गते विराटनगरमा भएको प्रतियोगितामा मोरङ, सुनसरी, झापा, इलाम, पाँचथर, धनकुटा र भोजपुरका १६१ जना महिला तथा पुरुष खेलाडीको सहभागिता रहेको थियो । कोशी प्रदेश खेलकुद विकास बोर्डको सहयोग रहेको प्रतियोगितामा एकल स्पाइरिङ र एकल प्याटन विद्यामा खेलाडीहरुले प्रतिस्पर्धा गरेका थिए ।

# सुन तस्करी प्रकरणमा कारबाही गर्न समिति

झापा(प्रस)। ९ किलो र ६० किलो सुन तस्करी प्रकरण अनुसन्धानमा संलग्न प्रहरी अधिकारी र कर्मचारीलाई कारबाही गर्न गृह मन्त्रालयले समिति बनाएको छ।

सुनको अवैध पैठारी (तस्करी) नियन्त्रणसम्बन्धी जाँचबुझ आयोग २०८० ले गरेको छानबिन प्रतिवेदनले निजामती कर्मचारी र प्रहरी कर्मचारीलाई कारबाही गर्न सिफारिस गरेसँगै त्यसलाई कार्यान्वयन गर्नका लागि गृहले समिति बनाएको हो।

गृहका सूचना अधिकारी एवं उपसचिव एकदेव अधिकारीका अनुसार कानून महाशाखाका सहसचिव भरतमणि रिजालको संयोजकत्वमा तीन सदस्य समिति बनाएको हो।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता डिआइजी भीमप्रसाद ढकाल र उपसचिव रामबहादुर शाही सदस्यहरू छन्। जाँचबुझ आयोगले प्रहरीका उच्च अधिकृतसहितलाई विभागीय कारबाहीको सिफारिस गरेको थियो।

तत्कालीन सिआइबी प्रमुख एआइजी किरण बज्राचार्य, एसपी सञ्जयसिंह थापा, डिएसपीद्वय दुर्गा दाहाल र रूगम कुँवरले अनुसन्धानमा लापरबाही गरेको भन्दै कारबाही सिफारिस गरेको थियो।

'आयोगले निजामती कर्मचारी र प्रहरी कर्मचारीको हकमा विभागीय कारबाही, निगरानीमा राख्नु, कसैलाई पुरस्कृत गर्नु भन्ने खालका कुराहरू छन्। त्यसलाई कार्यान्वयन गर्नका लागि यो समिति बनाइएको हो। विभागीय कारबाहीमा पनि कस्तो खालको कारबाही गर्ने हो यो समितिले बताउनेछ,' उपसचिव अधिकारीले भने।जाँचबुझ आयोगले चैत १ गते उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेलाई छानबिन प्रतिवेदन बुझाएको थियो। उक्त प्रतिवेदनले अनुसन्धान सिआइबीको कमजोरी समेत देखाएको छ।

# प्रादेशिक अस्पताल कर्मचारी युनियनको अध्यक्षमा पोखेल



झापा(प्रस)। प्रादेशिक अस्पताल भद्रपुर अस्पताल विकास समिति कर्मचारी युनियन इकाई समिति पुनर्गठन भएको छ। समितिको तेस्रो साधारणसभा तथा अधिवेशनले डिल्लीराम पोखेलको अध्यक्षतामा १३ सदस्यीय कार्यसमिति सर्वसम्मत चयन गरेको हो ।समितिको उपाध्यक्षमा निरू कुँवर, सचिवमा देवेन्द्र श्रेष्ठ, कोषाध्यक्षमा गणेशदत्त तिमल्सिना र सहसचिवमा जितेन्द्र चौधरी चयन भएका छन् । त्यस्तै सदस्यहरूमा ममता यादव, अमृत राजवंशी, कुसुम शर्मा, रचना शर्मा, सुनिता खाती, खेम चम्लागाईं, सागर कार्की र झुमा लामिछाने चयन भएका छन् ।

युनियनका केन्द्रीय महासचिव नवराज लुइँटेलको प्रमुख आतिथ्य र केन्द्रीय कोषाध्यक्ष बद्री बस्नेत तथा अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. रामबाबु खड्काको विशेष आतिथ्यमा नेपाल रेडक्रस सोसाइटी झापा शाखाको सभाहलमा साधारणसभा सम्पन्न भएको थियो । अध्यक्ष पोखेलको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन उपाध्यक्ष निरू कुँवरले र स्वागत मन्तव्य ममता यादवले राखेकी थिइन् ।

# नवदुर्गा सरहे समितिको साधारणसभा सम्पन्न



लक्ष्मीपुर(प्रस) ।झापाको अर्जुनधारा नगरपालिका वडा नम्बर ५ को नवदुर्गा सरहे समितिको २० औं बार्षिक साधारणसभा सम्पन्न भएको छ । अर्जुनधारा-५ स्थित बिहीवारे बजारको सामुदायिक भवनमा शनिवार साधारणसभा सम्पन्न भएको हो ।

सरहे समितिका अध्यक्ष अर्जुन रेग्मीको अध्यक्षतामा भएको कार्यक्रममा पण्डित महेश्वर ओझाको प्रमुख आतिथ्य रहेको थियो ।समिति सदस्य मुना चम्लागाईले स्वागत गरेको कार्यक्रमको सञ्चालन तेजकुमार गिरीले गरेका थिए । कार्यक्रममा नवदुर्गा पाञ्चायन मन्दिरका अध्यक्ष छबिलाल लम्सालको बिशेष आतिथ्य रहेको थियो ।

क्षेत्रभित्र कसैको मृत्यु भएमा प्रत्येक परिवार सरहे सदस्यले एक सय रुपैयाँ सरहे रकम दिनु पर्ने समितिको नियम छ । १९ सदस्यीय रहेको सरहे कार्यसमितिले सदस्यको मृत्यु हुँदा समवेदनासहित एक हजार रुपैयाँ प्रदान गर्दै आएको अध्यक्ष रेग्मीले बताए ।

साधारण सभामा समितिको बार्षिक प्रतिवेदन , आम्दानी खर्च, गत वर्षको समीक्षा र आगामी कार्ययोजनाका बिषयमा छलफल भएको थियो । समितिमा एक अध्यक्ष, एक सचिव र एक कोषाध्यक्षसहित अन्य क्षेत्र सदस्य र सदस्य गरेर १९ जनाको रहेको बताइएको छ । सरहे समूहमा २६६ घरपरिवार सदस्य रहेको अध्यक्ष रेग्मीद्वारा प्रस्तुत प्रतिवेदनमा उल्लेख छ ।

समितिकी कोषाध्यक्ष कला भण्डारीले प्रस्तुत गरेको आयब्यय अनुसार उक्त समिति चयन अगाडीको नगद मौज्दात ७२ हजार ३२८ रुपैयाँ, जरिवानाबाट १२ हजार ४००, सामग्री भाडाबाट ३१ हजार ९००, सदस्यता बापत ४३ हजार ५०० र पाउन बाँकी जरिवाना एक हजार २०० रुपैयाँ गर्दा जम्मा एक लाख ६१ हजार ३२८ रुपैयाँ आम्दानी भएको छ ।

खर्चतर्फ विविध गरेर जम्मा १ लाख ३२ हजार ५४४ रुपैयाँ, कोषाध्यक्ष सापटी १९७ रुपैयाँ र समितिको सहकारी खातामा २८ हजार ४८७ रुपैयाँ मौज्दात रहेको कोषाध्यक्ष भण्डारीले प्रस्तुत गरेको प्रतिवेदनमा उल्लेख छ । ४ बर्षे कार्यकाल रहेको समितिले प्रत्येक २ बर्षमा साधारणसभा गर्ने गरेको छ ।

## क्षयरोग...

पूर्ण रुप चाहिँ ट्यूब्रक्लोसीस हो । यो एक प्रकारको कीटाणुको कारणले गराउँदछ । नेपालमा हुने क्षयरोगमध्ये ७५ प्रतिशत फोक्सोको क्षयरोग हुने गरेको छ । झापा जिल्लामा २ हजार ५ सयभन्दा बढी मानिस क्षयरोगको सक्रिय संक्रमित भएको अनुमान गरिएको स्वास्थ्य कार्यालय झापाले जनाएको छ । काँकरभिट्टा स्वास्थ्य चौकी प्रमुख लेखनाथ खतिवडाले सञ्चालन गरेको कार्यक्रममा मेचीनगर नगरपालिका वडा नम्बर –६ का वडाध्यक्ष ललितबहादुर तामाङले खासगरी शुरुमा क्षयरोगको लक्षण देखिनेबित्तिकै उपचारका लागि रोगी नआउनु नै सबैभन्दा ठुलो चुनौती रहेको बताए । 'अहिले पनि क्षयरोगीहरु खुलेर उपचारका लागि नआउने, लुकेर बस्ने भएकाले गर्दा पनि क्षयरोग मुक्त गर्न समस्या भएको छ' उनले भने ।

क्षयरोग अहिले जनस्तरमा निकै जटिल समस्याका रुपमा देखिएको छ' काँकरभिट्टा स्वास्थ्य चौकी प्रमुख लेखनाथ खतिवडाले भने,'यो धेरै पुरानो रोग भएपनि अझै नियन्त्रण गर्न सकिएको छैन नियन्त्रण बाहिर छ । '

अहिले पनि समाजमा निकै क्षयरोगी छन् । उनीहरु खुलेर उपचारका लागि आउने गरेका छैनन् ।

अहिले नगरपालिकाले क्षयरोगका बिरामीहरुलाई पोषणयुक्त खाद्य सामग्री वितरण र क्षयरोगसम्बन्धी विभिन्न संघ संस्था र समूहहरुसँग समीक्षालगायतका कार्यक्रम सञ्चालन गर्दै आएको छ । नेपाल सरकारले सन् २०३५ सम्म क्षयरोग निर्मुल पारी क्षयरोगबाट हुने मृत्युमा ९५ प्रतिशतले कमि ल्याउने योजनालाई साकार बनाउन विश्व क्षयरोग दिवस २०८० नेपालमा देशव्यापी जागरण ल्याउने र चेतना फैलाउने उद्धेश्यका साथ मनाउन सम्बन्धित निकायलाई निर्देशन दिएको थियो । सन् २०५० सम्ममा क्षयरोगलाई पूर्ण रुपमा निवारण गर्ने योजनाअन्तर्गत नेपाल सरकारले २०५९ देखि २०६९ सालसम्म दशबर्षे दीर्घकालिन योजना अघि सारेको थियो । विसं २०२१ सालमा नेपाल सरकार, विश्व स्वास्थ्य संगठन र युनिसेफबीच क्षयरोग नियन्त्रणका लागि त्रिपक्षीय सम्झौता भएको थियो । तर, यी अभियान खासै प्रभावकारी बनेका छैनन् ।

## आर्थिक...

बाह्य संस्थागत तथा संरचनात्मक सुधारमा, मानव पुँजी व्यवस्थापन वा जनशक्ति विकासमा, अन्तरनिकायगत समन्वय र सञ्चारमा, देशगत तथा क्षेत्रगत रणनीतिको विकासमा, राष्ट्रिय समन्वय संयन्त्र निर्माण तथा त्यसको वस्तुगत कार्यान्वयनमा, आर्थिक सहायता, व्यापार र लगानीको विस्तारमा सुधारको खाँचो छ ।

**अवसर केही छन् त ?**

नेपालमा आर्थिक कूटनीतिलाई सही व्यवस्थापन गर्न देहायका केही अवसर त छन् : भारत-चीनलक्षित व्यापार, स्रोत, लगानी, पर्यटन, सहायता र रोजगारीका अवसर, भारत र चीनको ठुलो जनसंख्या पर्यटकका रूपमा आउन सक्ने, चिनियाँ पर्यटकको बढ्दो आगमन, अन्तर र्राष्ट्रिय क्षेत्रको नेपालप्रतिको गहिरो सद्भाव, गैरआवासीय नेपालीले आर्जन गरेको पुँजी, प्रविधि, पैसा, सञ्जाल र सिप आकर्षित गर्न सकिने छ । ऊर्जा सङ्कटको समाधान तथा ठुला जलविद्युत् परियोजनामा विदेशी लगानीकर्ताको चासो, राजनीतिक स्थिरता कायम र श्रम सम्बन्धमा सुधारको आवश्यकता तथा कनेक्टिभिटी परियोजनाका लागि लगानी प्रतिबद्धताको खाँचो छ ।

**अबको बाटो कता ?**

नेपालमा आर्थिक कूटनीतिबाट लाभ लिन देहायका केही अवसर त छन् । यद्यपि यी अवसर आफैँ प्राप्त हुने होइनन् । यसका लागि नेपालले अब देहायका बाटो अवलम्बन गर्न जरुरी छ । आर्थिक मुद्दामा न्यूनतम राजनीतिक सहमति कायम गर्ने, नेपालसँग तुलनात्मक लाभ भएको क्षेत्रको पहिचान, लगानी, प्रवर्धन, प्रचार र परिचालन गर्ने, वस्तु र सेवाको ब्रान्डिङ, लेभलिङ र प्याकेजिङमा जोड दिनु पर्छ । आर्थिक कूटनीतिका लागि वार्षिक योजना निर्माण गरी सो क्षेत्रको संस्थागत तथा जनशक्तिगत क्षमता विकास गर्ने, निजी क्षेत्रको क्षमता विकास गरी परिचालन तथा एनआरएनसँगको साझेदारीलाई सुदृढ पार्ने, आर्थिक कूटनीतिका लागि छुट्टै संस्थागत प्रबन्ध, स्पष्ट नीति तथा अन्तरनिकाय समन्वयमा सुधार गर्नु जरुरी छ ।

**निचोड**

आन्तरिक साधन परिचालन क्षमता न्यून भएको अवस्थामा आर्थिक सहायतामा जोड दिन, आन्तरिक रोजगारीको अवसर कम हुँदा वैदेशिक रोजगारीलाई विकल्पका रूपमा लिन, अर्थतन्त्रको एउटा प्रमुख पक्षका रूपमा रहेको पर्यटन क्षेत्रलाई व्यवस्थित स्वरूप दिनलगायतका विषयमा आर्थिक कूटनीति आवश्यक छ । आर्थिक कूटनीतिमा सम्पूर्ण ध्यान वाणिज्य वा अर्थ लाभमा केन्द्रित गरिएको हुन्छ । हामीले पनि हाम्रो स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्दै सार्वभौमिक समानताका आधारमा अन्तर्राष्ट्रिय सम्बन्ध कायम गरी विश्व समुदायमा राष्ट्रिय सम्मानको अभिवृद्धि गर्नेतर्फ राज्यको अन्तर्राष्ट्रिय सम्बन्ध निर्देशित हुने राज्यको निर्देशक सिद्धान्तबमोजिम आर्थिक कूटनीतिको सदुपयोग गर्नु पर्छ ।

प्रतिदिन PRATIDIN NATIONAL DAILY वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation bhadrapur road, birtamode 023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
कॉंकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमाण्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर — लोकबहादुर कुँवर : ९८४२६८३९९६, द्रोण अधिकारी : ९८४२६२८७९१
दमक — विष्णु सुब्बा : ९८५२६७०१३७, देविबहादुर बस्नेत : ९८१७९२४६२१
मेचीनगर — चारआली : ९८४२७०३०१३, गोबिन्द घिमिरे : ९८१५९५०१५०
उर्लाबारी — रुपेन्द्र शेर्मा : ९८४२०९२४०६, विराटनगर, क्रिएटिभ आई: ०२१-५२५६१(
इलाम, मंगलबारे — रणवीर लिम्बू ९८१६९८४७५७
काकँरभिट्टा — फ्रेन्डसिप पुस्तक पसल ०२३-५६२४२४
झापा बजार — बरत राजवंशी ९८१७०४९००१

## आजको राशिफल

**मेष** प्रतिस्पर्धामा विजयी भइनेछ । बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको

**वृष** आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । व्यवसायमा गरिएको लगानीमा मन्दी

**मिथुन** धार्मिक कार्य र सभासमारोहमा सरिक हुने सम्भावना छ । जटिल ठानिएको सम्पादन

**कर्कट** आज कुनै कुराले मनमा शान्ति छाउनेछ ।पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको

**सिंह** सोचेजस्तो लाभ हासिल गर्न केही समय कुर्नुपर्नेछ । घरायसी व्यवहारबाट टाढै बस्नु

**कन्या** रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ । रोकिएका

**तुला** आफन्तसँग मनमुटाव बढ्ला । आफूलाई कमजोर भएको अनुभूति हुनेछ ।

**वृश्चिक** हर्ष र प्रसन्नताका बीचमा समय व्यतीत हुनेछ । सम्पत्ति लाभ गर्न अनुकूल प्रयास

**धनु** आज परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइनेछ । चिताएको कामले तीव्रता लिनेछ

**मकर** आज लाभदायी यात्रा गर्ने अवसर प्राप्त हुनेछ । परिवारजनको साथले नयाँ आशा

**कुम्भ** आज दैनिक काम बिचमै रोक्नु पर्दा आर्थिक भार पर्न सक्छ । व्यापार

**मिन** आज शुभकार्यको चर्चा चल्नेछ । रोकिएका काम पुनः सुरु हुन सक्छन् ।